तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२१
info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

प.स :- २०८१/०८२
च.न :-

मिति: २०८१/०५/०९
ने.स.११४४ गुंलागा ६ आइतबार

## वैदेशिक रोजगार सन्तती छात्रवृति शैक्षिक सत्र २०८१ का लागि निवेदन दिने बारे सूचना !

श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (वैदेशिक रोजगार बोर्डको सचिवालय) को मिति २०८१/०४/३१ को सूचना अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भइ कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गर्न योग्यता पुगेका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत बालबालिकाहरुलाई यस कार्यक्रमा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ । साथै छात्रवृति प्राप्त गर्न योग्यता पुगेका बालबालिकाहरुले वैदेशिक रोजगार बोर्डको सचिवालयबाट भएको सूचनाको मितिले ६० दिन भित्र (२०८१ असोज मसान्त) भित्र आ-आफ्नो विद्यालयमा निवेदन सहित सम्पूर्ण कागजातहरु पेश गर्नु हुन सम्बन्धित सबै सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. बालबालिकाको जन्म दर्ताको प्रतिलिपि ।
२. निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
३. निवेदक संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि ।
४. बालबालिका वा संरक्षकको बैक खाता खुल्ने कागजातको प्रतिलिपि ।
५. कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं खुल्ने कागजात ।
६. वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
७. करार अवधि भित्र मृत्यु, अंगभंग,विरामी भइ समस्यामा परी नेपाल फर्केको खुल्ने कागजात ।

२०८१/५/९

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूची – १

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

<u>संलग्न कागजातहरू</u>

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :

CamScanner